# 'स्वर्ग र देवता' कवितामा पूर्वीय दर्शन

ईश्वर चौहान, उपप्राध्यापक, नेपाली विभाग

महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर, त्रिभुवन विश्वविद्यालय

Email: cishwar2040@gmail.com

ORCID iD: https://orcid.org/0009-0000-1904-0035

**लेखसार**

प्रस्तुत लेखमा 'स्वर्ग र देवता' कवितामा पूर्वीय दर्शनको खोजी गरिएको छ । पुस्तकालय स्रोतबाट तथ्य सङ्कलन गरिएको यस लेखमा प्राथमिक र द्वितीय दुवै स्रोतका सामग्रीको उपयोग गरिएको छ । पाठविश्लेषणमा आधारित यस अनुसन्धानमा पाठको पूर्वीय दार्शनिक मान्यताका आधारमा विश्लेषण गरिएको छ । पूर्वीय दर्शनले बह्म, ईश्वर, माया, आत्मा, जीवन, मन, जगत्, कर्म, वैराग्य, मुक्ति आदि विविध पक्षमा निश्चित धारणा व्यक्त गर्दछ । यही पौरस्त्य दर्शनको सैद्धान्तिक पर्याधारमा टेकी कवितामा प्रकृति र पुरुष, बन्धनबाट मुक्ति, भौतिकता र आध्यात्मिकताको निरूपण गरिएको छ । शीर्षकको अभिधार्थलाई हेर्दा 'स्वर्ग' भन्नाले पुण्यआत्मा, मृत्युपछि सुखभोग गर्नजाने स्वर्गलोक भन्ने बुझिन्छ, भने 'देवता' भन्नाले मृत्यु रहित स्वर्गका प्राणी वा देव भन्ने बुझिन्छ । उक्ति वक्रताका दृष्टिले देवलोक जहाँ मृत्युहीनहरूको वाश हुन्छ भनी यहलोक र परलोकसम्बन्धी पौरस्त्य चिन्तन प्रवाहित छ । समग्र कविताको भावसौन्दर्यका दृष्टिले भौतिक सृष्टि र मानव सभ्यताको व्यापक विषयवस्तु समेटी प्रकृतिको मानवकीकरण गरिएको निरिश्वरवादी आध्यात्मिक चिन्तन व्यक्त छ । प्रकृति र पुरुषसम्बन्धी साङ्ख्या दर्शनले अगाडि सारेको मान्यता कविताले अङ्गीकार गरेको छ । कवितामा पृथ्वीलाई प्रकृति वा जडसत्ता र सूर्यलाई पुरुष वा चेतन सत्ताका रूपमा चर्चा गरिएको छ । पृथ्वीको अवस्थिति वा प्रकृतिको जड स्वरूप जगच्चक्षु सूर्यले भोग गरेको दार्शनिक सन्दर्भ व्यक्त छ ।

***मुख्य शब्दावली*** **:** पौरस्त्य, कर्म, वैराग्य, मुक्ति, सांसारिक बन्धन

**Article's information**
Manuscript received: 2025/10/30; Date of review: 2026/02/25; Date of manuscript acceptance 2026/04/10
Publisher: Sahayaatra, Nepal, Bhojpur; DOI: https://doi.org/10.3126/sahayaatra.v9i1.95643
Homepage: https://www.nepjol.info/index.php/sahayaatra; Copyright (c) 2026 Sahayaatra Journal
This work is licensed under the Creative Commons CC BY-NC License.
https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयपरिचय

प्रस्तुत लेख बालकृष्ण समद्वारा सिर्जना गरिएको 'स्वर्ग र देवता' कवितामा पूर्वीय दर्शन निरूपणसँग सम्बन्धित छ । यस अध्ययनमा पूर्वीय दर्शन र निर्दिष्टि कवितामा पूर्वीय दार्शनिक भावसन्दर्भ दुई शोध्य विषय रहेका छन् । यसर्थ पूर्वीय दर्शनका बहुआयामिक क्षेत्रमध्ये प्रकृति र पुरुष चिन्तन, बन्धनबाट मुक्ति/कैवल्य प्राप्ति तथा भौतिकताबाट आध्यात्मिक चेतनाका दृष्टिले 'स्वर्ग र देवता' कवितामा निगमनात्मक रूपमा प्रयोग अवस्था परीक्षण गरिएको छ । यसक्रममा कविताको मूलपाठबाट साक्ष्यहरू प्रस्तुत गरी विश्लेषण गरिएको छ । यस कवितामा भावसौन्दर्यका दृष्टिले भौतिक सृष्टि र मानव सभ्यताको व्यापक विषयवस्तु समेटी प्रकृतिको मानवकीकरण गरिएको निरिश्वरवादी आध्यात्मिक चिन्तन व्यक्त छ । कवितामा व्यक्त भावसौन्दर्यको विश्लेषणका आधारमा असामान्यीकृत निष्कर्ष प्रस्तुत गरिएको छ ।

नेपाली कविता परम्परामा बालकृष्ण सम (१९५९–२०२३) नेपाली साहित्यका बहुमुखी प्रतिभा हुन् । उनका कविता, कथा, निबन्ध, जीवनी, नाटक आदि विधा क्षेत्रका कृतिहरू प्रकाशित छन् । कविता र काव्यका क्षेत्रमा *आगो र पानी* (२०११) खण्डकाव्य, *चिसो चुल्हो* (२०१५) महाकाव्य र *बालकृष्ण समका कविता* (२०३८) कवितासङ्ग्रहका अतिरक्त समका विभिन्न फुटकर रचनाहरू प्रकाशित छन् । प्रस्तुत 'स्वर्ग र देवता' कविता २००४ सालमा लेखिएको हो । यो कविता पनि *बालकृष्ण समका कविता* (२०३८) कवितासङ्ग्रहमा सङ्गृहीत छ । कवितामा समले भौतिक जगतको अभिधात्मक चर्चा गरी पृथ्वीलाई नै स्वर्ग र मान्छेलाई ईश्वरको रूपमा चिनाएका छन् । शान्ति र सत् चरित्रले पृथ्वीलाई स्वर्ग बनाउन सक्ने भावाभिव्यक्ति छ । अर्थात् भौतिक सृष्टि र मनुष्य सभ्यताको विषयभाव अनुबन्धित छ । कवितामा पृथ्वीलाई प्रकृति वा जडसत्ता र सूर्यलाई पुरुष वा चेतन सत्ताका रूपमा भावसौन्दर्य व्यक्त छ । यसले 'स्वर्ग र देवता' सांसारिक तथा आत्मगत अनुभूतिका विभिन्न पक्षलाई समेटेर रचिएको पूर्वीय दर्शनयुक्त कविताका रूपमा पुष्टि गर्दछ ।

कवितामा पूर्वीय दार्शनिक मान्यता अनिवार्य सर्त नभई यो एक परम्परागत मान्यता वा सिद्धान्त हो । पूर्वीय दर्शन एउटा स्वतन्त्र विधा हो जुन आदि मनीषिहरूद्वारा दीर्घ साधना र जीवन अनुभावबाट प्राप्त तथ्यका आधारमा निर्माण भएको छ । यसले ब्रह्म, ईश्वर, माया, आत्मा, जीवन, मन, जतग, ज्ञान, कर्म, वैराग्य मुक्ति आदि पक्षमा निश्चित धारणा व्यक्त गर्दछ । यसले सहित्यक कृतिको विधागत अभिलक्षणलाई स्वीकार गर्दै भावसौन्दर्य प्राप्तिमा जीवनको उपस्थिति र त्यसको सार्थकताको खोजी गर्दछ ।  पूर्वीय दर्शन निर्दिष्ट पाठको समग्रतामा नभई अंशमा उपस्थित हुने विषय हो । यही सैद्धान्तिक पर्याधारको निगमनात्मक अध्ययन गर्ने सामग्रीका रूपमा ‘स्वर्ग र देवता’  कवितालाई लिइएको छ । नेपाली खोज-अनुसन्धानमा पूर्वीय दर्शनऽ यसको स्वरूप र साहित्यमा यसको उपस्थित कसरी हुन्छ भन्ने पक्षमा केन्द्रित रही अध्ययन गर्न चाहने अध्येताका लागि उपयोगी र औचित्यपूर्ण हुने यस लेखका लागि ‘स्वर्ग र देवता’  कवितामा पूर्वीय दर्शन खोजी गरिएको छ भने यही विषयलाई अध्ययनको शोधसमस्याका रूपमा लिइएको छ ।

**समस्याकथन**

प्रस्तुत अध्ययनको मूल समस्या ‘स्वर्ग र देवता’  कवितालाई पूर्वीय दर्शनका परिसीमामा रही अध्ययन गर्नु हो । पूर्वीय दर्शन बहुआयामिक विषय भएको हुनाले कवितामा जीवन र जगत, अध्यात्मक र भौतिकता, अहिकता र परात्मकता तथा राग र विराग आदि विभिन्न सन्दर्भहरू अन्र्तनिहीत छन् । बालकृष्ण समका व्यक्तित्व, कृतित्वसम्बन्धी विभिन्न दृष्क्रिोणबाट अध्ययन भएका छन् । बालकृष्ण समका कविता (२०३८) तथा उनका समग्र कविता क्षेत्रभएका अध्ययनको सर्वेक्षण गर्दा पूर्वीय दार्शनिक दृष्क्रिोणबाट अध्ययन भएको छैन । त्यसमा पनि ‘स्वर्ग र देवता’  कवितामा यथार्थवादी एवम् मानवतावदी स्वरलाई स्थिापित गरिएको तथ्यबाट पुष्टि हुन्छ । यसका अतिरिक्त यस कवितामा पौरस्त्य दार्शनिक मान्यताका आधारमा नगरिएको शोधरिक्ततालाई आधार बनाई यो लेख तयार पारिएको छ । यस लेखमा ‘स्वर्ग र देवता’  कवितामा पूर्वीय दर्शनको प्रयोग सान्दर्भिक साक्ष्यहरूलाई मात्र आधार बनाइएको छ भने यसका लागि निम्नलिखित शोधप्रश्न निर्माण गरिएको छः

(क) ‘स्वर्ग र देवता’  कवितामा प्रकृति र पुरुष चित्रण केकस्तो छ ?

(ख) ‘स्वर्ग र देवता’  कवितामा दुःख र बन्धनको कारण अज्ञान र ज्ञानद्वारा कैवल्य प्राप्ति कसरी छ ?

(ग) ‘स्वर्ग र देवता’  कवितामा भौतिकताबाट अध्यात्मिकतातर्फ उन्मुख चिन्तन किन छ ?

प्रस्तुत लेखमा उपर्युक्त शोधप्रश्नका आधारमा ‘स्वर्ग र देवता’  कवितामा पूर्वीय दर्शन विश्लेषणमा केन्द्रित छ । पूर्वीय दर्शनका निर्दिष्ट विषयभन्दा अतिरिक्त विषयको विश्लेषण नगर्नु अध्ययनको परिसीमा हो । यस अध्ययनमा उठाइएका शोधसमस्याहरू नवीन विषयमा आधारित रहेकाले थप अध्ययन अनुसन्धान गर्न चाहने अध्येताका लागि आधार तय गर्ने भएकाले पनि यसको औचित्य पुष्टि हुन्छ ।

**अध्ययन विधि**

प्रस्तुत अध्ययन साहित्यको पूर्वीय दार्शनिक दृष्टिकोणबाट गरिएको विश्लेषणमा आधारित रहेको छ । अध्ययनका लागि पुस्तकालयीय विधिबाट सामग्री सङ्कलन गरिएको छ तथा तथ्यको प्रमाणीकरणका लागि विश्लेषणात्मक विधिको उपयोग गरिएको छ । यो गुणात्मक प्रकृतिको अनुसन्धान भएको हुनाले अध्ययनका लागि निगमनात्मक पद्धतिको उपयोग गरिएको छ । कविताका मूल पाठबाट साक्ष्यहरू प्रस्तुत गरी विश्लेषणमार्फत पूर्वीय दर्शन निरूपण गरिएको छ । यसका लागि ‘स्वर्ग र देवता’  कवितालाई प्राथमि स्रोत मानी पूर्वीय दर्शनको सैद्धान्तिक आयामहरूबाट अध्ययन विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।

**सैद्धान्तिक आधार**

पूर्वीय दर्शन भौगोलिक विभाजनअनुसार प्राक्भारतीय उपमहाद्विप र यसको आसपासको क्षेत्रमा विकास भएको मानवीय ज्ञानमीमांसा हो । पूर्वीय दर्शनको मूल सम्बन्ध संस्कृत भाषासँग रहेको छ । संस्कृत भाषाबाट आएको हुनाले यसलाई कतिपयले संस्कृत दर्शन पनि भनेको पाइन्छ । यसलाई पूर्वीय, पौरस्त्य, वैदिक, अध्यात्म, प्राच्य दर्शन आदिका नामले पनि चिनिन्छ । यी सबै वेदमा आधारित भएको हुनाले यसलाई वैदिक दर्शनका रूपमा व्याख्या गरेको पाइन्छ । आत्मचिन्तनमा केन्द्रित भएकाले यसलाई आत्मदर्शन पनि भनिएको छ । पौरस्त्य/पूर्वीय भूमिमा विकसित भएको हुनाले

यसलाई पौरस्त्य/पूर्वीय दर्शन भनेको पनि पाइन्छ (ढकाल, २०८१, पृ १०४)। यसर्थ पूर्वीय वा पौरस्त्य वैदिक दर्शन हुन् ।

पूर्वीय दर्शन कर्म सिद्धान्तमा विश्वास गर्ने, आत्म संयममा जोड दिने, पुनर्जन्ममा विश्वास राख्ने, ज्ञानद्वारा मोक्षप्राप्ति हुन्छ भन्ने मान्यता भएको वैदिक वाङ्मयबाट विकसित दर्शन हो (गिरी, २०५५, पृ. २३)। जीवन र जगत्लाई व्यापक र विशद् ढङ्गले हेर्ने क्रममा विकसित भएका पौरस्त्य आस्तिक दर्शनको समूहलाई षड्दर्शन पनि भनिन्छ। षड्दर्शनले जीवन र त्यसबाट मोक्षको व्याख्या आआफ्ना शैली एवम् पद्धतिबाट गरेको छ। सबै दर्शन संसारलाई दुःखमय मानी त्यसबाट मोक्ष वा कैवल्यको तार्किक उपायबारे बताउँछ। मानव जीवन सांसारिक विषय वासनाप्रति आसक्त हुन्छ। सांसारिक वस्तुप्रतिको आसक्ति र मोह नै दुःखको कारण हो, दुःखबाट छुटकारा पाउन ज्ञान र ध्यानको मार्ग अपनाउनु पर्दछ। समग्र पौरस्त्य दर्शन अध्ययनको विमर्शात्मक दृष्टिकोणअनुसार सत्कर्मबाट नै जीवन मुक्ति सम्भव छ भन्नेमा सबैजसो दर्शनको मत एकत्रित भएको छ। स्वर्ग, ईश्वर, आत्मा, जीवन, जगत्, सांसारिक बन्धन, मुक्ति आदि पौरस्त्य दर्शनका केन्द्रीय पदावली एवम् आधारभूत प्रस्थापना हुन्।

वेदपतिको श्रद्धाको बन्धनलाई लिएर पौरस्त्य/पूर्वीय दर्शनका शाखाहरूलाई दुई वर्गमा विभाजित गरिएको छ– आस्तिक र नास्तिक। संस्कृत साहित्यमा 'आस्तिक' त्यसलाई मान्न सकिन्छ, जसले वेदहरूको पमाणमाथि विश्वास गर्दछन्। यसरी जुन दर्शनका शाखाहरूले श्रुतिका प्रमाण वेदलाई मान्दछन् तिनीहरूलाई आस्तिक तथा अरू सबैलाई नास्तिक मानिएको छ। आस्तिक शाखाभित्र सामान्य रूपमा छ वटा दर्शन पर्दछन्ः न्याय दर्शन, वैशेषिक दर्शन, साङ्ख्य दर्शन, योग दर्शन, मीमांसा दर्शन र वेदान्त दर्शन। आस्तिक दर्शनको यो वर्गमा पनि दुई प्रकारका भेदहरू छन्। पहिलो शाखामा ती दर्शनहरू जुन वेद ग्रन्थमा आधारित छन्, अनि अर्को शाखामा स्वतन्त्र रूपमा चलेका नास्तिक दर्शनहरू : चार्वाक दर्शन, जैन दर्शन, बौद्ध दर्शन पर्दछन् (ढकाल, २०८१, पृ. ११२—१३)। पूर्वीय दर्शनका यिनै प्रस्थापनाहरूमा केन्द्रित रही शोधको उद्देश्यअनुसार पौरस्त्य दर्शनका केही आयामहरूका आधारमा कविताको विश्लेषण गरिएको छ ।

**नतिजा र विमर्श**

प्रस्तुत लेखमा पूर्वीय दर्शनको सैद्धान्तिक मान्यतामा रही 'स्वर्ग र देवता' कविताको विश्लेषण गरिएको छ। पूर्वीय दर्शनअन्तर्गत प्रकृति र पुरुष चिन्तन, कैवल्य प्राप्तिको स्वरूप र भौतिकताबाट आध्यात्मतर्फ उन्मुख चिन्तनको अध्ययन गरिएको छ। कविताका साक्ष्यहरूलाई प्रस्तुत गरी समग्र कवितामा पूर्वीय दर्शन विमर्श गरिएको छ।

**'स्वर्ग र देवता' कवितामा पूर्वीय दर्शन सन्दर्भ**

प्रस्तुत 'स्वर्ग र देवता' कविताको शीर्षक र पाठ सन्दर्भको अभिधार्थलाई निरूपण गर्दा 'स्वर्ग' भन्नाले पुण्यात्म, मृत्युपछि सुखभोग गर्न जाने देवलोक, अमरावती, इन्द्रपुरी आदि अर्थ लाग्छ। त्यसैगरी देवता भन्नाले मृत्युरहित स्वर्गका प्राणी, देव, भन्ने बुझउँछ। यी दुई शब्दलाई 'र' संयोजकले जोडेको छ। व्यञ्जनार्थ वा ध्वन्यार्थ रूपमा त्यो देवलोक जहाँ मृत्युहीनहरूको वाश हुन्छ भनी यहलोक र परलोकसम्बन्धी पूर्वीय चिन्तन प्रवाहित छ। कवितामा भौतिक सृष्टि र मनुष्य सभ्यताको व्यापक विषयवस्तु समेटी प्रकृतिको मानवीकरण गरिएको छ। आख्यानात्म गद्य शैलीमा संरचित कविता भौतिक विकासवादी निरिश्वरपरक आध्यात्मिक चेतनाले ओतप्रोत छ। अभिधार्थमा विज्ञान र प्रकृतिको वर्णन गरेको देखिए तापनि मान्छेले दानवीय स्वभाव त्यागी देवत्व स्वभावलाई आत्मसात गरी मानव सभ्यताको भविष्य सुरक्षित गर्नु पर्छ भन्ने भाव कवितामा व्यक्त छ। कवितामा सूर्य (बाबु) र पृथ्वी (आमा) का बिचमा आफ्ना केटाकेटी (मान्छेहरू) का अतीत, वर्तमान र भविष्यका बारेको सम्बादात्मक सङ्कथन गरिएको छ। ऐतिहासिक र युगीन सचेतनाका साथ निरीश्वर भौतिक–अध्यात्मका चिन्तनको गोरेटोमा हिंडेको उच्च वैचारिक भाव सन्दर्भ व्यक्त छ।

प्रस्तुत कवितामा पूर्वीय दर्शनको प्रभाव रहेको छ। तथापी गद्य शैलीको क्लिष्ट लेखन संरचनाले कुन दर्शन के–कसरी प्रयोग भएको छ भनी सहज निरूपण गर्न किठन छ। कवितामा अभिधार्थ नभै उक्ति बक्रताका दृष्टिबाट दर्शन पहिचान गर्न सकिन्छ। यस कवितामा कविले सूर्य, पृथ्वी र केटाकेटी बिचको संवादलाई आख्यानात्मक रूपमा प्रस्तुत गरेका छन्। कवितामा जीवन र जगत, अध्यात्मक र भौतिकता, अहिकता र परात्मकता तथा राग र विराग आदि विभिन्न

सन्दर्भहरू अन्तनिहीत छन् । प्रस्तुत 'स्वर्ग र देवता'  कविताको पूर्वीय दर्शनसम्बन्धी प्रमुख मान्यताका आधारमा यहाँ चर्चा गरिएको छ ।

**प्रकृति र पुरुष चित्रण**

प्रस्तुत ''स्वर्ग र देवता' ' कवितामा पूर्वीय दर्शनलाई प्रकृति–पुरुषसम्बन्धी ज्ञानमीमांसाका माध्यमबाट अभिव्यक्त गरिएको छ । पौरस्त्य दर्शनले मन, शरीर, इन्द्रिय आदिबाट स्वतन्त्र आत्मतत्व पुरुषलाई मान्दछ । पुरुष स्वयम् प्रकाश्य हुन्छ । शुद्ध चैतन्य (तत्त्व) आत्मा नै पुरुष हो । पुरुष चेतन र भोक्ताका रूपमा रहन्छ । प्रकृति केवल जड वस्तु वा स्रष्टा मात्र हो भनी सङ्ख्या दर्शनले प्रष्ट्याएको छ । यही प्रकृति र पुरुषको संयोगबाट आत्यान्तिक (कैवल्य) निवृत्ति प्राप्त गर्न सकिन्छ भन्ने मान्यता छ । जुनकुरालाई यस तथ्यले थप पुष्टि गर्दछ : सत्व, रज र तम यी तीन गुणहरूको साम्यावस्था प्रकृति हो । अव्यक्त प्रकृति जसको कुनै कारण छैन, नै सम्पूर्ण दृष्यमान जगतको कारण हो । पुरुष निस्त्रैगुण्य (सत्व, रज र तम) गुणबाट असंस्पृष्ट छ । पुरुष स्वयम् ज्ञाता हो (गिरी, २०५५, पृ. ४५–४६) । यसर्थ प्रकृति र पुरुषको संयोगबाट आत्यान्तिक निवृत्ति प्राप्त गर्न सकिन्छ ।

साङ्ख्य सिद्धान्तअनुसार प्रकृति र पुरुषको संयोगबाट नै सम्पूर्ण सृष्टि सिर्जिन्छ । पुरुषको सम्पर्कमा आएपछि अचेतन प्रकृतिमा क्रिया उत्पन्न हुन्छ । पुरुष चेतनशील हुन्छ भने प्रकृति अचेतन भएर पनि सक्रिय हुन्छ । यी दुईको सम्बन्ध अन्धो र लङ्गडाको जस्तो छ (गिरी, २०५५, पृ. ४६) । यस तथ्यले प्रकृति अस्तिर भएर पनि अचेतन सत्ता हो भने पुरुष जड तर चेतनशील हुन्छ । चराचर जगतको सृजना यी दुई तत्वको संयोगबाट मात्रै सम्भव रहेको छ । त्यसैगरी प्रकृति पुरुषको संयोग त हुन सक्दैन, परन्तु पुरुषको सामीप्यमा नै प्रकृतिको गुणमा हलचल पैदा हुन पुग्दछ र सृष्टि पैदा हुन्छ (ढकाल, २०८१, पृ. १५३) । यसर्थ पूर्वीय दर्शनको प्रकृति र पुरुषसम्बन्धी मान्यता स्पष्ट रहेको छ ।

प्रस्तुत सैद्धान्तिक मान्यताका आधारमा पनि पूर्वीय दर्शनको प्रभावलाई प्रस्तुत गर्ने सन्दर्भमा 'स्वर्ग र देवता' कवितामा प्रकृति र पुरुषसम्बन्धी चिन्तन रहेको छ । प्रकृति र पुरुषसम्बन्धी साङ्ख्या दर्शनले अगाडि सारेको मान्यता "पुरुष चेतनशील हुन्छ तर निश्क्रिय हुन्छ भने प्रकृति अचेतन भएर पनि सक्रिय रहन्छ" बाट कविता प्रवाहित छ । कवितामा भौतिक प्रकृतिको चर्चा गरेको झै भए तापनि जड र चेतन शत्ताबिचको दर्शानिक चिन्तन प्रस्तुत छ । जसलाई कवितामा यसरी प्रस्तुत गरिएको छ :

पृथ्वी धुरु धुरु रोइरहेकी थिइन् ।
जगच्चक्षु सूर्यले त्यो देखे
अनि उनले आफ्ना कोमल करले सुस्त उघारी
त्यो घुम्टो
चियाए । (सम, २०६४, पृ. ६७–६८) ।

प्रस्तुत पङ्क्तिगुच्छमा कविले तृतीय पुरुष दृष्टिबिन्दुको शैलीमा पृथ्वी र सूर्यका कार्यव्यवहार अभिधार्थ प्रस्तुत गरेका छन् । पूर्वीय दर्शनको परिसीमाभित्र रही सर्वेक्षण गर्दा पृथ्वीलाई प्रकृति वा जड सत्ता र सूर्यलाई पुरुष वा चेतन सत्ताका रूपमा उभ्याएका छन् । मन, शरीर, इनिद्रय आदिबाट स्वतन्त्र आत्मा तत्व पुरुष हो भनी कवितामा चर्चा गरिएको छ । यसर्थ साक्ष्य सन्दर्भलाई हेर्दा पुरुष भोक्ता र प्रकृति स्रष्टा हुन् भन्ने दार्शनिक चिन्तन छ । पृथ्वीको अवस्थिति वा प्रकृतिरूपी जड स्वरूप जगच्चक्षु सूर्यले भोग गरेको सन्दर्भ व्यक्त छ । यसर्थ समग्र कवितामा प्रकृति र पुरुषको चित्रण रहेको प्रष्ट हुन्छ । यही प्रकृति र पुरुषको संयोगबाट नै मुक्ति प्राप्त गर्न सकिने भाव पनि कवितामा रहेको छ ।

**दुःख र बन्धनको कारण अज्ञान र ज्ञानद्वारा कैवल्य प्राप्ति**

प्रस्तुत कवितामा दुःख र बन्धनको कारण अज्ञान र ज्ञानद्वारा कैवल्य प्राप्ति हुनेक तथ्यको निरूपण गरिएको छ । पौरस्त्य दर्शनमा बन्धन र मुक्ति तत्त्वका सम्बन्धमा प्रमुखताका साथ व्याख्या गरिएको छ । यस दर्शनले सांसारिक जीवन आध्यात्मिक, आधिभौतिक र आधिदैविक दुःखद्वारा भरिएको तर्क गर्छ । त्रिविध दुःखको आत्यान्तिक निवृत्ति नै मुक्ति हो । मुक्ति जीवनको चरम लक्ष्य पनि हो । कुनै पनि व्यक्ति विभिन्न मोहमा परेर बाँधिएको हुन्छ । म हुँ, मेरो हो, म नै सर्वस्व हुँ भन्ने अज्ञान चेतनाका कारण व्यक्ति ऐहिक सुखका खोजीमा भौँतारिन्छ । ऊ मोहजालमा फस्न पुग्छ र भ्रमवश सांसारिक

सुखलाई वास्तविक सुख मान्दछ । साङ्ख्य दर्शनले दुःखको मूल कारण अज्ञानतालाई मान्दछ र संसारका यथार्थलाई बुझ्न नसक्नु नै दुःख हो भन्दछ । योग दर्शनले सांसारिक वा विषय सुखलाई सुख मानेका कारण मानिस सांसारिक सुखप्रति आकर्षित हुन्छ तर ज्ञान प्राप्ति पश्चात् उसले त्यो विषय सुखलाई क्षणिक अर्थात् विपरिणामी देख्तछ अनि यसबाट उसमा विषय सुखप्रति विराग उत्पन्न हुन्छ र मुक्ति मार्गतर्फ प्रवृत्त हुन्छ भन्ने तर्क छ (गिरी, २०५५, पृ. ५३) । यसर्थ सांसारिक सुख भ्रम र अवास्तविक हो । अज्ञानताको परिणाम हो भनी विषय सुखतर्फ लाग्न प्रेरित गरिएको छ ।

जीवन कालमा नै मान्छे मोक्ष प्राप्त गर्न सक्छ । यसलाई जीवन्मुक्ति भनिन्छ । तर मानवको चित्त क्षिप्त, मूढ र विक्षिप्त अवस्थामा रहेर विभिन्न सांसारिक पदार्थहरूमा विचरण गर्दछ । जीवनको चरम लक्ष्य मोक्ष प्राप्त गर्ने व्यक्ति निष्क्रिय नभएर सक्रिय हुन्छ, लोक कल्याणको लागि ऊ सतत् कार्यशील रहन्छ (गिरी, २०५५ : १८) । यसैगरी लोक कल्याणमा लागि जीवन मुक्ति प्राप्त गर्न सकिन्छ ।

वेदान्त दर्शनले "मायाले ब्रह्ममा पर्दा हालिदिनाले सचिदानन्द ब्रह्म सुखदुःखात्मक जगत्को रूपमा प्रतीत हुन पुग्छ । जगत्को कारण माया हो । माया नै मोक्ष प्राप्तिको बाधक पनि हो । जब जीव ज्ञानद्वारा मायालाई हटाएर शुद्ध चैतन्य स्वरूप ब्रह्मलाई जान्दछ, ऊ मुक्त हुन्छ" (गिरी, २०५५: ५८) भनेको छ । माया अस्थायी हुने भएकाले ज्ञान प्राप्ति भएपछि मायाको अस्तित्व समाप्त हुन्छ ।

पूर्वीय दर्शनले कर्मबाट मोक्ष प्राप्त गर्न सकिन्छ भनेको छ । स्वर्ग प्राप्ती र मोक्षमा यसको उपयोगिता देखिए तापनि साक्षात् ज्ञान नै मोक्षको साधन मान्दछ (ढकाल, २०८१, पृ. १८०) । उचित कर्मले मुक्ति प्रदान गर्दछ भने अनुचित कर्मले बन्धन पैदा गर्दछ । बन्धनको कारण अज्ञान हो । अज्ञानले मानिसलाई सांसारिक दुःखमा डुबाउँछ अनि ऊ जन्म मरणको चक्रमा घुमि रहन्छ । जन्म मरुणरूपी चक्रबाट मुक्त हुनु जीवनको लक्ष्य हो । अज्ञानको नाश गर्न ज्ञानोदय हुनु पर्दछ । ज्ञान र विवेकले मात्र उसलाई उचित अनुचितको बोध हुन्छ । अज्ञान हटेर ज्ञान प्राप्ति भएपछि मात्र जीवले आफूलाई चिन्दछ र संसारको कल्याणका लागि समर्पित गर्दछ । चैतन्य बोधपश्चात् नै मानव समग्र बन्धनबाट मुक्त हुन पुग्दछ । ईश्वरको अनुग्रहबिना जीवले न त प्रमेय (मुक्ति) को यथार्थ ज्ञान प्राप्त गर्न सक्छ न यो संसारको दुःखबाट नै छुटकारा पाएर मोक्ष गर्न सक्छ भनेर न्याय दर्शनमा मोक्षबारे बताइएको छ । यसर्थ समग्र वैदिक दर्शनको सार भनेको नै अज्ञान दुःखको कारण र ज्ञानोदय हुन बुद्धि, विवेक वा ज्ञान अवश्यक हुने तथ्य प्रकट छ ।

मोक्ष वा मुक्ति आत्माको त्यो अवस्था हो, जसलाई धर्मग्रन्थमा अभय, अजर तथा अमृत पद भनिएको छ । यस प्रकार तत्त्व ज्ञानको अभाव सांसारिक बन्धनको कारण हो । संसारको यथार्थ बुझ्न नसक्नु नै दुःख हो । भौतिक सुख वा सांसारिक वासनाप्रतिको आशक्ति, क्षणिक स्वार्थ र कर्म विहीनता मुक्तिका बाधक हुन् । परोपकार वा परहित जीवनको प्राप्ति हो । ज्ञानप्रप्ति र सत्कर्मबाट जीवनमा मुक्ति मिल्दछ भने विषयप्रतिको आसक्ति सांसारिक बन्धनको कारण हो । यसका आधारमा 'स्वर्ग र देवता' कवितामा मुक्ति र बन्धनसम्बन्धी चिन्तनको खोजी गरिएको छ ।

प्रस्तुत सैद्धान्तिक आधारअनुसार अज्ञान बन्धन या सांसारिक दुःखको मूल कारण हो । अज्ञान्ताकै कारणले मान्छे जन्म जन्मान्तरसम्म यसै संसारमा दुःख पाइरहन्छ । जन्म, मरण र पुर्नरजन्मको चक्रमा घुमिरहन्छ । यही बन्धनबाट मुक्त हुनु नै कैवल्य प्राप्ति हो भन्ने मान्यता स्पष्ट हुन्छ । जसलाई कवितामा यसरी प्रस्तुत गरिएको छ :

प्रिय, आई मलाई चुम्नुहोस,
आफ्ना छोराछोरी आफै जिम्मा लैजानुहोस !
मलाई लप्काले अँगाल्नुहोस् !
तमसो मा जोतिर्गमय ! ........ (सम, २०६४, पृ. ७०) ।

प्रस्तुत पङ्क्तिगुच्छमा प्रकृतिले पुरुषलाई आफ्ना सकस निवारणमा सहयोग गर्न आग्रह गरेकी छन् । अज्ञानरूपी छोराछोरी (मानसिहरू) जिम्मा लिएर बन्धन मुक्त गरी निर्मल लप्काले अङ्गालोमा कस्न अनुरोध गरेकी छन् । यसमा कवि समको ऐकेवद्धता छ 'तमसो मा जोर्तिगमय !' पङ्क्तिगुच्छको दार्शनिक सापेक्षता निरूपण गर्दा साङ्ख्य दर्शनले प्रकृति र पुरुषबीचको भेदक भेद्य सम्बन्धको ज्ञान नहुनु अज्ञान हो । तथापी प्रकृति र पुरुषको संयोगबाट आत्यान्तिक

निवृत्ति (केवल्य) प्राप्त गर्न सकिने पौरस्त्य दर्शनको मर्म अन्तर्गनिहीत छ । जन्म, पुनर्जन्मको भवचक्रमा रहेको मानव चोला तमसोमा अल्झिरहेको हुन्छ । क्षणिक स्वार्थ र कर्मविहीनताको त्याग गरी जोतिर्गमय गर्नुपर्ने भाव व्यक्त छ । यही नै समग्र कवितामा प्रकृति र पुरुषको अभेद्य सम्बन्धबाट निर्वाण प्राप्त गर्न सकिने तर्क रहेको छ ।

खेल र झगडा छोडी शान्तिसित पढ्लान्, जान्लान्
वैतरणीमा पौडीपौडी दुःखको पारी पुग्लान् (सम, २०६४, पृ. ७०)।

यस पङ्क्तिगुच्छलाई पूर्वीय दर्शनको सापेक्षतामा हेर्न सकिन्छ । वास्तवमा जीवनको चरम लक्ष मुक्ति वा मोक्ष हो । सांसारिक दुःखबाट छुटकारा पाउनु नै मोक्ष हो । अज्ञानवश व्यक्ति आत्मालाई शरीर, मन, इन्द्रिय आदि सम्झदा बन्धनमा फस्दछ । खेल र झगडा केवल इन्द्रियजन्य छन् । सांसारिक हुन् । त्रिविध दुःखको आत्यान्तिक निवृत्तिका लागि खेल र झगडा त्याग गर्नु आवश्यक रहेको तर्क पाइन्छ । जीवन मुक्ति जीवनको चरम लक्ष्य पनि हो । म नै सर्वस्व हुँ भन्ने अज्ञान चेतनासाथ मानिस भौँतारिन्छ । दुःखको मूल कारण अज्ञानता हो र संसारका यथार्थलाई बुझ्न नसक्नु नै दुःख हो । शान्तिसाथ पढ्न जान्नु कर्म हो । कर्मफलनै वैतरणी तर्ने उपयुक्त उपाया रहेको तथ्य कवितामा पाइन्छ । भौतिक मोह वा रागविराग केवल जीवनरूपी बन्धन मात्र हुन् । अज्ञानको आवरणले वैतरणीमा सहज पौडिन नसकिने सन्देश रहेको छ । यसर्थ दुःख वा बन्धनबाट मुक्त भई कैवल्य प्राप्ति गर्न सकिने दार्शनिक चिन्तन कविताको मूल मर्म हो ।

तिम्रा स्तन कति शुष्क छन्, उसमा खनजोतै नगरी
कल्पवृक्ष लहलहाउलान, उसमा सधैं प्रसन्न ऋतु होला,
तिमी यस्ती रोगी दुःखी, ऊ निरोगी सुखी होली,
तिमीमा मृतमा प्रतिमा छन्, उसमा जीवित अमर मुर्ति
होलान् (सम, २०६४, पृ. ७०) ।

प्रस्तुत कविताशंलाई विश्लेषण गर्दा जव दिवा (स्वर्ग) को जन्म हुन्छ, अमर मुर्ति लिएर प्रकृति रूपी पृथ्वीका सारा दुःख र अज्ञानता अन्त्य हुन्छ । तिम्रा सुस्कता र सौन्दयता दुःखी हुन, क्षणीक हुन् भनी सांसारिक भवचक्रमा नअल्मलिन दार्शनिक आग्रह छ । वास्तवमा जीवन कालमा नै मान्छे मोक्ष प्राप्त गर्न सक्ने भएको हुनाले यसलाई जीवन्मुक्तिका रूपमा बुझ्न आग्रह गरिएको छ । तर मानवको चित्त क्षिप्त, मूढ र विक्षिप्त अवस्थामा रहेर विभिन्न सांसारिक पदार्थहरूमा विचरण गर्दछ । जीवनको चरम लक्ष्य मोक्ष प्राप्त गर्ने व्यक्ति निष्क्रिय नभएर सक्रिय हुन्छ, लोक कल्याणको लागि ऊ सतत् कार्यशील रहन्छ । मृतमा प्रतिमा मात्र स्थापित गर्ने हो तर जीवित स्वरूप मात्रै अमर मुर्ति हो भन्ने तथ्य कवितामा पाइन्छ । त्यसैगरी प्राकृतिक सौन्दर्यता अर्थात तिम्रा शुष्क स्तन, कल्पवृक्ष, प्रसन्नता ऋतृ आत्म शुद्ध चैतन्य स्वरूपमा रहेका र मोक्षमार्ग बन्ने भाव व्यक्त छ । पौरस्त्य दर्शनमा वर्णित कैवल्यको अवस्था भनेको अज्ञानताको अन्त्य, दुःखको अभाव, वा स्थायी स्वर्ग हो । सांसारिकताको अन्त्य हो । कवितामा यही आध्यामिक, अधिभौतिक र आधिदैविक दुःखत्रयबाट मुक्ति आग्रह गरिएको छ । कवितामा भनिएको छ :

सर्वे भवन्तु सुखिनः
सर्वे सन्ति निरामयाः – ! (सम, २०६४, पृ. ७१) ।

प्रस्तुत कविता र प्रतिनिधि साक्ष्यलाई निरूपण गर्दा सान्सारिक दुःख चक्रको मूलकारण अज्ञानता नै रहेको निष्कर्ष छ । अर्थात् चराचर जगत सबै सुखी रहनु पर्दछ साथै रोगरहित संसरको परिकल्पा गरिएको छ । मानव सम्बन्धका दृष्टिले पनि सबै मानिस सुखी र स्वास्थ्य रहुनुपर्ने भावाभिव्यक्ति रहेको छ । यसर्थ पनि दुःखका कारणहरू हटाउँदै शान्ति वा सुखका आधारहरू जोड्नुपार्ने दार्शनिक दृष्टिकोण प्रस्तुत छ । त्यसैगरी जतिखेरसम्म मानव जीवनमा अज्ञानता वा बन्धन रहन्छ त्यतिखेरसम्म जन्म मरण र पुर्नजन्मको चक्र चलिरहने तथ्य प्रस्तुत छ । कविले यही बन्धन, अज्ञानता र दुःखबाट मुक्ति मार्ग कोरोको उत्कृष्ट कविताकृति ‘स्वर्ग र देवता’ कविता हो । मानव जातिको अस्तित्व र उत्थानबाट मात्रै विश्वमा मानवीय कल्याण सम्भव रहेको विषयलाई केन्द्रीय विषयका रूपमा अभिव्यक्त गरिएको यस कवितामा भौतिकवादी चैतन्यवाद आध्यात्मिकतातर्फको पलायनबाट कृतिलाई अध्यात्म दर्शनको निकट पुऱ्याएको छ ।

**भौतिकताबाट अध्यात्मकतर्फ उन्मुख चिन्तन**

प्रस्तुत कविता भौतिक यथार्थता र मानवताको भावकथनमा रहे तापनि सारमा अध्यात्मतर्फ उन्मुख रहेको छ । यो अध्यात्मता पौरस्त्य दर्शनकै परिसीमामा रहेको छ । खासगरी पौरस्त्य दर्शनअनुसार अध्यामिक, आधिभौतिक र आधिदैविक दुःखबाट छुट्कारा पाउनु नै जीवनको लक्ष्य हो । त्यसैले भौतिक संसारका क्षणिक लौकिक स्वाथ्र्य वा अज्ञानताको पर्दा हटी अध्यात्मक मार्ग (कैवल्य) तर्फ उन्मुख हुन प्रेरित गर्दछ । अध्यात्मवाद त्यस्तो दार्शनिक प्रणाली हो, जसअनुसार आत्मा नै परमतत्व हो । यो सिद्धान्त भौतिकवादको पूर्ण विपरित सिद्धान्त हो (गिरी, २०५५, पृ. १९) । वास्तवमा भौतिकता प्रतिको निराशाबाट नै परमतत्त्वको उपलब्धिमा विश्वास गर्न सकिन्छ । पूर्वीय दर्शन भौतिक जगतको यान्त्रिकतामा सीमित छैन, कर्मफलमा विश्वास राख्दछ । सत्कर्म नै कैवल्य वा निर्वाण प्राप्तिको आधार हो । यसर्थ पूर्वीय दर्शन आस्तिक र अभौतिक दर्शन भएको हुनाले अध्यात्मतर्फ उन्मुख रहेको प्रष्ट हुन्छ ।

प्रस्तुत पूर्वीय दर्शनको सार नै भौतिकता क्षाणिक र नाशवान छ । आत्मामा शरीर, इन्द्रिय मनरूपी पर्दा लाग्दा चैतन्य स्वरूप आनन्दमय आत्मालाई दुःखी, रोगी, जीव (भौतिकता) को रूपमा प्रकट गर्दछ । यसर्थ भौतिक जडबाट अध्यात्मिक चेत जागृत गरी चराचर जगतलाई निरामय बनाउनुपर्ने मान्यता रहेको छ । यही भौतिकताबाट निर्वाण प्राप्तिको खोजी ‘स्वर्ग र देवता’ कवितामा गरिएको तथ्य कवितामा यसरी समेटिएको छ :

करौडौँ मुहानबाट दुग्धामृतको फोहोर म चलाइरहेछु,
दूध पिउन छोडी ती सहोदरको
रगत चूस्न घोक्रोमा दाँत गाड्दछन् !
छातीमा एकातिर
एक वालकको मृत लाश तेर्स्याई
अर्कोतिर
अर्को स्तनपान गराइँन भने मैले
पुत्र–शोकमा वक्षःस्थल सुकाउन लागेँ भने मैले
अर्को भोकै मर्दछ (सम, २०६४, पृ. ६८) ।

प्रस्तुत पङ्क्तिगुच्छका आधारमा ‘स्वर्ग र देवता’ कविताको अध्ययन गर्दा भौतिक संसारको यान्त्रिकताको सकस मानव जीवनमा रहेको छ । मानवमा अशान्त छन्, आक्रामक छन्, दुःखी छन् । रगत र दुधको मूल्य पहिचान गर्न सकिरहेका छैनन् । वास्तवमै यो भौतिक संसारमा राग विरागको यहलौकिक सत्ता प्राप्तिमा सहोदरहरू दुग्धामृतको वेवास्ता गरिरहेका छन् । यो सबै म र मेरा लागि भन्ने अमानवीय भौतिक चिन्तन हो । अज्ञानता हो । यही पृष्ठभूमिमा शोकमा निमग्न भई अकाल मृत्युको चिन्ता गरिएको छ । प्राण वा जीवत्व रक्षाका लागि भौतिक संसारका क्षणिक लौकिक स्वाथ्र्य वा अज्ञानताको पर्दा हटाई अध्यात्मक मार्गतर्फ उन्मुख हुन प्रेरित गरिएको छ । थप सन्दर्भमा पङ्क्तिगुच्छमा भनिएको छः

शान्ति छ केवल एकथरीले हतियारमा साँद लाउन्जेल
नत्रभने छ सदैव घृणाको भित्र भित्रै सल्किरहेको
आगो ! (सम, २०६४, पृ. ६९) ।

प्रस्तुत पङ्क्तिगुच्छले पनि हतियारको तागतलाई देखाएको छ । भौतिक विकासवादी वैज्ञानिक दृष्टिले मानव सभ्यतामा दुःख भोग गर्नु परेको भाव व्यक्त छ । हतियारको भरमा प्राप्त शान्ति भौतिक हो यसले मनमा शान्ति दिँदैन । आगो झैँ भित्र भित्रै सल्किन्छ । घृणा, रिसराग त्यागेर अध्यत्मिक चित्तवृत्तिमा लाग्न प्रेरित गरिएको छ । वास्तवमा मैले मलाई चिन्न सकेको छैन । मानवीय रागले विनाशको बाटोमा डोऱ्याएको छ । मन अनित्य भएको छ , ज्ञानराषी सुन्यतामा झरेको छ । यो सबै भौतिकता वा क्षणीकताका पराकाष्ठ हुन् । त्यसैले मनमा शान्ति ल्याउने कारण आध्यात्मिक मार्ग नै हो ।

चकचक गर्छन्, नाना लगाई धक्कू फिँजाइकन हिँड्दछन्
खलबल गर्छन्, झगडा गर्छन्, अनि पापाको निम्ति

लुछाचुँडी खोसाखोस गर्छन् अनि बाझछन् जुध्छन्,
हात हालाहाल गर्छन, अनि चाचाको निम्ति
यस्तो खेल खेल्दछन् जुन खेलमा हुन्छ रक्तपात लाखौँको ! (सम, २०६४, पृ. ६९)।

प्रस्तुत दृष्टान्त र समग्र कवितामा भौतिकतासम्बन्धी दार्शनिक मान्यता स्पष्ट देखिन्छ । अभिधार्थ केटाकेटी (मानिस) जो चाचा (सानो वस्तु) को निम्ति खेलमा क्रममा झगडा गर्ने गर्दछन् । उक्ति बक्रताको तहमा भौतिक संसारका अज्ञानी मानिस क्षणिकता र अस्तिरता नबुझी रागले युद्ध अपराधमा लागेर रक्तपात निम्त्याई रहेको सन्दर्भ प्रष्ट छ । मन, शरीर र इन्द्रिय स्वतन्त्र चैतन्य आत्मतत्व विकासवादी वैज्ञानिक सत्ताले तुवाँलो लागेको छ । यो क्षणिक हो, अज्ञानताको पर्दा हो । यो भौतिक बन्धन वा भवचक्र हो । यसबाट मुक्त भई निर्वाण मार्गमा सवैलाई जुट्न लक्ष्यार्थ आग्रह गरिएको छ ।

यति भनी गालाको आँसु पुछिदिन लागे जब सूर्य
हिमाल–दाँत देखाई पृथ्वी हाँसिन छर्दै माधुर्य (सम, २०६४, पृ. ७२)।

प्रस्तुत कविता गुच्छले पनि सूर्य र पृथ्वीको भौतिक रूपलाई प्रकृति र पुरुषरुपी चिन्तनको कार्यव्यपारका रूपमा देखाइएको छ । जड सत्ताले चलायमान सत्तालाई पार्ने प्रभाव रहेको छ । सूर्य र पृथ्वीका मार्फत् देखाइएको दुःख वा बन्धनको प्रतिकात्मकताले भौतिक जगत र मानवीय व्यवहारलाई बुझ्न सहज बनाएको छ । यसको विम्बात्मकता वा लक्ष्यार्थ भनेको शान्त मानव मन वा व्यवहार नै हो । यसका लागि मानवले आध्यात्मिक मार्ग अपनाउनुपर्ने सैद्धान्तिक आधारको पुष्टि गर्दछ । यसर्थ यो सांसारिक भौतिक दुःखबाट मोक्ष प्राप्ति गर्ने, असतबाट सतमार्ग लाग्ने एकमात्र माध्यम आध्यत्मक हो भन्ने भावसौन्दय कवितामा व्यक्त छ ।

**निष्कर्ष**

नेपाली साहित्यका बहुमुखी प्रतिभा बालकृष्ण समद्वारा लिखित 'स्वर्ग र देवता' कवितामा पूर्वीय दर्शनको खोजी गरिएको छ । पौरसत्य दर्शनले बह्म, ईश्वर, माया, आत्मा, जीवन, मन, जगत, कर्म, वैराग्य, मुक्ति आदि विविध पक्षम निश्चित धारणा व्यक्त गर्दछ । पौरस्त्य दर्शनको सैद्धान्तिक पर्याधारमा टेकी पङ्क्तिगुच्छमा पुरुष, प्रकृति, बन्धन, मुक्ति, भौतिकता र आध्यात्मिकताको निरूपण गरिएको छ । कवितामा कविले सूर्य, पृथ्वी र केटाकेटी बीचको संवादलाई आख्यानात्मक रूपमा प्रस्तुत गरेका छन् । त्यसैगरी जीवन, जगत, अध्यात्म, भौतिकता, अहिकता, परात्मकता राग, विराग सम्बन्धी पौरस्त्य दर्शनका मान्यताहरू अन्तर्निहीत छन् । प्रकृति र पुरुषसम्बन्धी साङ्ख्या दर्शनले अगाडि सारेको मान्यता कविताले अङ्गीकार गरेको छ । कवितामा पृथ्वीलाई प्रकृति वा जडसत्ता र सूर्यलाई पुरुष वा चेतन सत्ताका रूपमा चर्चा गरिएको छ । पृथ्वीको अवस्थिति वा प्रकृतिको जड स्वरूप जगच्चक्षु सूर्यले भोग गरेको दार्शनिक सन्दर्भ पाइन्छ । कविताको समग्र दार्शनिक पक्षलाई अध्ययन गर्दा दुःख र बन्धनको कारण ज्ञान र अज्ञानद्वारा कैवल्य प्राप्ति हुने धारणा व्यक्त छ । कवितामा प्रकृतिले पुरुषलाई अज्ञानताको पर्दा हटाएर निर्मल लप्काले अंगालोमा कस्न अनुरोध गरेकी छन् । एक–अर्काबीचको संयोगबाट आत्यान्तिक निवृत्ति मार्गमा लाग्ने संख्यदर्शनको मोक्ष मार्गको प्रभाव पारेको छ । खासगरी पूर्वीय द्वैतवादी संख्यदर्शनको प्रभाव पाइन्छ । साङ्ख्य दर्शनले विश्लेषण गरेको प्रकृति, पुरुष, दुःख, बन्धन, मोक्ष, भौतिकता अध्यात्मता जस्ता विषयको उठान गरिएको छ । कविताका मार्फत् भौतिक जगतका संसारिक बन्धनबाट मूक्ति आवश्यक रहेको दार्शनिक मान्यता व्यक्त गरिएको छ । त्यसैले संसारिक भवचक्रमा नअल्मलिएर अध्यात्मतर्फ अन्मुख हुने दार्शनिक भाव पाइन्छ । मन, शरीर र इन्द्रिय स्वतन्त्रको चैतन्य आत्मतत्व विकासवादी वैज्ञानिक सत्ताले तुवाँलो लागेको छ । यो क्षणिक हो, अज्ञानताको पर्दा हो भनी निर्वाण मार्गमा सबैलाई जुट्न लक्ष्यार्थ आग्रह गरिएको उच्च काव्यसौन्दर्यले भरिएको कविताका रूपमा 'स्वर्ग र देवता' स्थापित छ ।

## सन्दर्भ सामग्रीसूची

गिरी, रामानन्द, (२०५५), *जनक दर्शन*, जनक शिक्षा सामग्री केन्द्र ।

ढकाल, बद्रीप्रसाद, (२०८१), *पूर्वीय दर्शन समुच्चय*, अनुसन्धान विमर्श नेपाल ।

पाण्डेय, फडीन्द्रप्रसाद, (२०७३), *बृहत् संस्कृत–नेपाली शब्दकोश*, विद्यार्थी प्रकाशन प्रा. लि. ।

मिश्र, जगदीशचन्द्र, (ई.सं. २००९), *भारतीय दर्शन* (पुर्नमुद्रित), चौखम्बा सुरभारती प्रकाशन ।

सम, बालकृष्ण, (२०६४), 'स्वर्ग र देवता' , (सम्पा.) चूडामणि बन्धु**.** *साझा कविता* (६७–७२), साझा प्रकाशन ।